निर्णयहरू:-

१. सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम २८ बमोजिम मिति २०७८-०७-२९ गते बसेको जिल्लास्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको बैठकबाट भएका देहायका निर्णयहरू सबै कार्यालयहरूले प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र सोको जानकारी जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई उपलब्ध गराउने ।

क. कार्यालयमा सेवा लिन आउने शारीरिक रूपले अशक्त, फरक क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवती महिला लगायतका सेवाग्राहीहरूलाई प्राथमिकता दिई नागरिक सहायता कक्ष मार्फत सेवा सहजीकरण गर्ने सम्बन्धमा सेवाग्राहीहरूको चाप हुने कार्यालयहरूलय यथाशीघ्र नागरिक सहायता कक्ष स्थापना गरी सेवा सहजीकरणको अनिवार्य व्यवस्था मिलाउने ।

ख. कार्यालयमा सेवा लिन आउने क्रममा सेवाग्राहीहरूले लिएर आएका सवारी साधनहरूको व्यवस्थित पार्किङको व्यवस्था सम्बन्धित कार्यालयहरूले यथाशीघ्र अनिवार्य रूपमा गर्ने ।

ग. सबै कार्यालयहरूले जिन्सी निरीक्षण गरी पुराना पुनः प्रयोगमा नआउने सामग्रीहरू लिलाम गर्ने कार्य १ महिनाभित्र गर्ने ।

घ. सबै कार्यालयहरूले आ-आफ्नो कार्यालयको सरसफाई एवं सौन्दर्यिकरणमा विशेष ध्यान दिने ।

ङ. कार्यालय परिसरभित्र रहेको चमेना गृहमा अनिवार्यरूपमा मूल्यसूची राख्न लगाउने, सरसफाईको सम्बन्धमा कार्यालय प्रमुखले नियमित रूपमा निरीक्षण गर्ने र चमेना गृहबाट स्वस्थ एवं स्वच्छ खाद्यवस्तु बिक्री वितरणको सुनिश्चितता गर्ने ।

२. कतिपय कार्यालयहरूले कानूनबमोजिम तोकिएको दस्तुर एवं जरिवाना कार्यालयमा सिधै बुझ्ने गरेको पाइएको हुँदा कार्यालयहरूले आफ्नो माथिल्लो निकायसँग आवश्यक समन्वय गरी नियमानुसार बुझ्नुपर्ने दस्तुर एवं जरिवाना बैंकमार्फत भूक्तानी गर्ने व्यवस्था मिलाउने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी